नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# वीरगञ्ज भन्सार कार्यालय

वीरगञ्ज म.न.पा.-१६ ईनर्वा
पर्सा, नेपाल

भन्सार अधिकृत

## भन्सार नियमावली, २०६४ को नियम ३५(२) बमोजिम यस कार्यालयवाट सिलबन्दी बोलपत्रद्धारा विभिन्न मालवस्तुहरु लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सूचना।

(सूचना प्रकाशित मिति २०८२।०८।०८)

यस कार्यालयमा विभिन्न मितिमा चोरी निकासी/पैठारी अभियोगमा दाखिला भएका देहाय बमोजिमका मालवस्तुहरु जे जस्तो अवस्थामा छन, सोही अवस्थामा सिलवन्दी बोलपत्रद्धारा लिलाम विक्री गरिने भएकोले इच्छुक फर्म तथा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न लिखित सर्तहरुको अधिनमा रहने गरी गोप्य सिलवन्दी बोलपत्र आब्हान गरिएको छ। आफुले कवोल गरेको रकमको १०% ले हुने रकम एभरेष्ट बैंक लि. भन्सार एरिया वीरगञ्जमा रहेको यस कार्यालयको धरौटी खाता नम्वर ०१५००१०५२०००६८ मा जम्मा गरी सोको एक प्रती सक्कल बैंक भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै यो सूचना भन्सार विभागको वेभ साइड birgunj.customs.gov.np मा हेर्न सकिने छ। अन्य व्यहोरा वुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा आई बुझ्न सकिने छ।

**तपसिल**

| सूचना नम्वर | मुद्दा नं. | मुद्दा दायरी मिति | गोदाम सि.नं. | मालवस्तुको विवरण | कायम मूल्य रु | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९८ | ३०९ | २०८२।०५।३० | २९८ | कुर्था सुरुवाल २०१८ थान,बच्चाको फ्रक सेट ३०० सेट,लेडिज जुत्ता/सेण्डिल ९१ जोर,बच्चाको जुत्ता ८६ जोर | १४४९८०० | २००० | |
| ९९ | ३४६ | २०८२।०६।०७ | ३३४ | कुर्था सुरुवाल २६० पिस,जुत्ता(लेडिज) ७२ जोर | २८४४०० | १००० | |
| १०० | ३४८ | २०८२।०६।०७ | ३३६ | कोटपाईन्टको थानको कपडा ८७९ मिटर,कुर्था सुरुवाल ६५ पिस,टप्स ११९६ थान | १३५६१०० | २००० | |
| १०१ | ४८३ | २०८२।०७।०२ | ३७५ | लेडिज टप्स ६१४ पिस,कुर्ता ११६३ पिस,बनारसी साडी जस्तो ५९४ पिस | १८५८१०० | २००० | |
| १०२ | ५५४ | २०८२।०७।२८ | ५३४ | Bharat A.C.Generator 10 kva १ थान | ७५००० | १००० | |
| १०३ | ५८७ | २०८२।०८।०३ | ५६६ | पछ्यौरा ११८ पिस,गलबन्दी १२ पिस,उनिको टोपी ४२ पिस,मोजा ठुलो ४८ जोर,मोजा सानो ३६ पिस,सल(दुपट्टा) १३ पिस,कट्टु पेन्टी २० पिस,सेण्डो २० पिस,बच्चाको कपडा सेट ५४ पिस,लुङ्गी २० पिस,गम्छा ४५ पिस,गम्छा ठुलो ८ पिस,कुर्ता सेट ३६ पिस,स्वीटर १५ पिस,सल ठुलो उनिको ५ पिस,तौलिया १२ पिस,ब्लाउजको पिस कपडा १२० मिटर,टिसर्ट १८ पिस,साडी ५४ पिस,झुल ८ पिस,पेटिकोटको थान कपडा ११ थान(२६४ मिटर),ब्लाउजको थान कपडा १९ थान(३०७ मिटर),बेड सिट ६ सेट,मखमलको थान कपडा ७१ मिटर | ५१३९४० | १००० | |
| १०४ | १४३ | २०८२।०४।२६ | १३९ | विभिन्न कम्पनीको सिलाई मेसिन २९ थान | १४५००० | १००० | |
| १०५ | २५५ | २०८२।०५।१६ | २४७ | कोटको कपडा ७४ रोल(९०२ मिटर),सुती कुर्ता थान कपडा १७ रोल(७६४ मिटर),दउरा सुरुवालको थान कपडा १० रोल(२०० मिटर),कुर्ताको कपडा ४१ पिस,कुर्ता थान कपडा ४८० मिटर,सल कपडा ६ थान(१३७ मिटर) | १०७७२०० | २००० | |

**सिलवन्दी बोलपत्र फारम सम्बन्धी सर्तहरु:-**

१. बोलपत्र फाराम तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखा/आर्थिक प्रशासन शाखाबाट सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र(सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) खरिद गर्न सकिनेछ। साथै बोलपत्र खरिद गर्दाकै अवस्थामा फर्म/कम्पनी/संघ/संस्थाले आयकर, मू.अ.कर दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालबस्तुहरुको हकमा कारोबार गर्न



फोन नं.०५१-५२२९२०,५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np

CamScanner

प्राप्त अन्तःशुल्क इजाजतपत्र र नियमानुसार कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। पत्रु स्क्राप (कवाडी) मा लिलाम विक्री गरिने मालबस्तुहरु कवाडीको कारोबार गर्न इजाजतपत्र प्राप्त भएका फर्म/कम्पनी/संघ/संस्थाले मात्र बोलपत्र खरिद गर्न सक्नेछन। बोलपत्र खरिद गर्दाको अवस्थामा कागजात पेश गरेका वोलपत्रदाताले शर्त नं. ७ बमोजिम पुनः कागजातहरु पेश गर्न अनिवार्य हुने छैन।

२. मु.अ.कर.लाग्ने मालबस्तुमा अनिवार्य रुपमा मू.अ.कर दर्ता प्रमाणपत्र भएका फर्मले मात्र बोलपत्र फारम खरिद गर्न सकिनेछ।

३. आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्नेगरी स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ। सच्याईएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइनेछ। कुनैपनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

४. बोलपत्र फाराम पेश गर्दा सो बोलपत्र खामभित्र राखी खाममा सिलछाप समेत लगाई पेश गर्नु पर्नेछ।

५. बोलपत्र फाराम भएको खाम बाहिर बोलपत्र सुचना नं. र वोलपत्रदाताको नाम ठेगाना उल्लेख गर्नुपर्नेछ।

६. बोलपत्रदाताले जसको नाममा बोलपत्र फाराम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ। यस कार्यालयबाट विक्री गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र भर्नुपर्नेछ।

७. बोलपत्र फारामसाथ फर्म/कम्पनी/संघ/संस्थाले आयकर, मू.अ.कर दर्ता प्रमाणपत्र र अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा कारोवार गर्न प्राप्त इजाजतपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ। कार्यालयले सक्कल कागजात हेर्न खोजेमा सो को सक्कल प्रति पेश गर्नु पर्नेछ।

८. खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयको मुद्दा शाखा/लेखा शाखामा(सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) मा दर्ता गरिसक्नुपर्नेछ। दर्ता भएको बोलपत्रहरु सोहि दिन दिउसो १५:०० बजे बोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ। निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ।

९. नेपाल सरकारको हितलाई ध्यानमा राखी नियमानुसार बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

१०. बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मालवस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (आयकर,मु.अ.कर तथा अन्तः शुल्क) रकम समेत बुझाई उठाई लैजानु पर्नेछ। बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ। साथै भन्सार विभागको वेभ साइड birgunj.customs.gov.np मा समेत हेर्न सकिनेछ।

११. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ दिन भित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने कर समेत बुझाई मालवस्तु उठाई नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोश्रो, तेश्रो र चौथो घटिवालाको कबोल अंक स्वीकृत गरीनेछ र टेन्डर कबोल गरी म्याद भित्र सामान नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अगाडी बढाईनेछ।

१२. इच्छुक व्यक्तिले मालवस्तु हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको मुद्धा शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिनेछ।

१३. यसमा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल ऐन, कानुन बमोजिम हुनेछ।



फोन नं.०५१-५२२९२०, ५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np

CamScanner